# स्थानीय राजपत्र

बोगटान गाउँपालिकाद्वारा प्रकाशित

खण्ड : ......  संख्या : ........  मिति : २०७७/०९/२२

**भाग–.....**

# <u>लैङ्गीक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि २०७७</u>

प्रस्तावना :समाजमा बढदै गइरहेको लैङ्गिक हिंसा निवारणका लागि कोष स्थापना गर्न वाञ्छनिय देखिएकोले प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन,२०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरि बोगटान फुड्सिल गाँउपालिकाले यो कोष संञ्चालन सम्वन्धि कार्यविधि बनाएको छ ।

१ **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम 'लैङ्गिक हिंसा निवारण कोष

(संञ्चालन) कार्यविधि २०७७ रहेको छ ।

( १ ) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

(२) **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क)“कार्यालय” भन्नाले बोगटान फुड्सिल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सम्भिनु पर्छ ।

(ख) “कोष” भन्नाले नियम ३ बमोजिमको लैङ्गिक हिंसा निवारण कोष सम्भनु पर्छ ।

(ग)“ पिडित” भन्नाले लैङ्गिक हिंसाबाट पिडित वा प्रभावित व्यक्ति सम्भनु पर्छ ।

(घ) “संञ्चालक समिति” भन्नाले नियम ८ बमोजिमको राहात तथा आर्थिक सहयोग समिति सम्भनु पर्छ ।

(ङ)“लैङ्गिक हिंसा” भन्नाले कार्यस्थल, सार्वजनिक स्थल, घरपरिवारमा हुने यौनजन्य दुर्व्यवहार,सामाजिक कुरितिजन्य व्यवहार लगायत लैङ्गिक आधारमा हुने हिंसा सम्भनु पर्छ ।

३ **कोषको स्थापना** :(१) लैङ्गिक हिंसा निवारण नामको एक कोष स्थापना गरिएको

छ ।

(२)“ कोषमा” देहायबमोजिमका रकमहरु रहनेछन :

(क) संघिय सरकार (नेपाल सरकार) बाट प्राप्त रकम,

(ख) बोगटान फुडसिल गाउँपालिका बाट प्राप्त रकम,

(ग) विदेशी व्यक्ति, अन्तराष्ट्रिय संघ संस्थाबाट प्राप्त रकम ,

(घ) स्वदेशी व्यक्ति तथा संग संस्था वाट प्राप्त रकम

(ङ) अन्य कुनै स्रोत बाट प्राप्त रकम ।

(३) उपनियम (३) बमोजिमको रकम वैंक मा छुट्टै खाता खोलि जम्मा गरिनेछ ।

(४) **कोषमा रकम जम्मा गर्ने** : महिला हकहितको संरक्षणको लागि गाँउपालिकाले वार्षिक रुपमा तोके बमोजिमको प्रतिशत बरावरको रकममा नघटाई कोषमा जम्मा गर्नुपर्ने छ ।

(५) **कोषको उपयोग :** (१)कोषको रकम देहायवमोजिमको काम को लागि पिडितलाई उपलब्धगराउन उपयोग गरिनेछ ।

(ग) रहात प्रदान गर्न तथा आर्थिक सहयोग उपलब्ध गराउने,

(घ) कानुनि साहायता,मनोवैज्ञानिम उपाचार, तथा मनोविमर्स प्रदान गर्न,

(ङ) कुनै व्यवसाय गर्नको लागि विउपुँजि(सिड मनि) को रुपमा प्रदान गर्न,

(च) पुनर्स्थापना गराउन

(छ) पिडितका लागि संञ्चालक समितिले तोकेबमोजिमको अन्य काममा ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भयतापनि संचालक समितिले लैङ्गिक हिंसा बाट पिडित वालवालिका तथा किशोर किशेरि वा लैङ्गिक हिंसा बाट प्रभावित भई लागूपदार्थ को दुर्व्यसनमा वा मानसिक रोगि भई सडकमा आएका व्यक्तिलाई प्राथमिकता दिई कोषको रकम  खर्च गर्न सक्नेछन।

(६) **कोषको रकम अन्य काममा उपयोग गर्न नसनि** : (१)  कोषको रकम नियम ५ मा लेखिए वाहेकको अन्य कार्यमा उपयोग गर्न सकिने छैन।

(२) उपनियम (१) मा जुनसुकै कुरालेखिएता पनि संचालक समितिको वैठक संचालन गर्न लाग्ने खर्चको लागि कोषको रकम उपयोग गर्न सकिनेछ ।

(७) **कार्यालयलाई रकम उपलब्ध गराउन** : पिडितलाई राहात तथा आथिक सहयोग उपलब्ध गराउनको लागि संचालक समितिले कोष बाट कार्यालयको नाममा रकम निकाशा दिनेछ ।

(८) **संचालक समितिको गठन** : (१) पिडितलाई राहात तथा आर्थिक सहयोग उपलब्ध गराउने काम समेतको लागि  संचालक समिति रहने छ ।

(२) संचालक समिति गठन देहाय वमोजिम हुनेछ ।

(क) गाँउपालिका उपाध्यक्ष अध्यक्ष

(ख) प्रमुख प्रशासकिय अधिकृत सदस्य

(ग) प्रमुख ,ईलाका प्रहरि कार्यालय सदस्य

(घ)गाउँसभा सदस्य(महिला२) सदस्य

(ङ) लैङ्गिक हिंसा निवारण को क्षत्रमा कार्यरत स्थानिय तहमा गैरसरकारि संस्थाहरु मध्येवाट

संचालक समितिले तोकेको संस्थाको प्रतिनिधि एक जना -सदस्य

(च) महिला तथा वालवालिका शाखा प्रमुख -सदस्य
सचिब

(३) उपनियम (२) को खण्ड (घ) बमवोजिमको सदस्यको पदावधि ३ वर्ष को हुनेछ ।

(४) संचालक समितिको सचिवालय कार्यालयमा रहने छ ।

(५) संचालक सीतिको वैठक संम्वन्धि कार्यविधि सो सीमति आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

(९) **संचालक समितिको काम कर्तव्य रअधिकार** : संचालक समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) पिडितलाई राहात तथा आर्थिक सहयोग उपलब्ध गराउने,

(ख) राहात तथा आर्थिक सहयोगको सदुपयोग भय नभयको सम्वन्धमा अनुगमन गर्ने वा गराउने,

(ग) स्थानिय तहमा लैङ्गिक हिंसा निवारणको क्षेत्रमा कार्यरत विभिन्न संघ संस्था तथा निकायविच समन्वय गर्ने,

(घ) लैङ्गिक हिंसा हुननदिनको लागि स्थानिय स्थरमा जनचेतनामूलक कार्यक्रम संञ्चालन गर्ने।

(१०) **राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधार :** (१) यस नियमावली बमोजिम पिडितलाई राहात तथा आर्थिक सहयोग उपलब्ध गराउदा देहायको रकम नबढ्ने गरी उपलब्ध गराईनेछ ।

(क) पीडितलाई तत्काल उद्धार गर्नु पर्ने भएमा सवारी प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम खाना खर्चबापत र बास बस्नु पर्ने भए सो बापत छुट्टै रकम दिने

(ख) पिडितलाई अस्पतालमा भर्ना गरी औषधी उपपचार  गर्नु पर्ने भएमा अस्पताल आउदा जाँदा सवारी साधन ,प्रयोग गर्नुपर्ने भए सार्वजनिक सवारी ससाधन प्रयोग गर्दा लाग्ने भाडा रकम खाना खर्च अस्पतालमा बस्ने व्यवस्था नभए बाहिर बस्नु परेमा बढीमा तिन दिनको बास खर्च र उपचार खर्च समेत उपलब्ध गराउने ,

(ग)कानुनी सहायता मनोबैज्ञानिक उपचार वा मनोबिमर्षका लागी ५०००/-(पाँच हजार) रुपैयाँमा नबढ्ने गरी लागेको यथार्थ खर्च

(घ)कुनै व्यवसाय गर्नको लागी बिउ पूजीको रुपमा बस्तुगत तथा नगद अनुदान समेत गरी बढीमा २००००/- (बिस हजार) रुपयाँ

(ङ) पर्नस्थापनाको लागी बढीमा ५०००/-(पाँच हजार)  रुपैयाँ

(च) सञ्चालक समितिले तोके बमोजिमको अन्य कामको लागी प्रकृति हेरी बढीमा १०००० /-(दश हजार ) रुपैयाँ

(२) उपनियम (१) बमोजिमको रकम अर्पयाप्त भएको मनासिब आधार र प्रमाण सहित कुनै पीडितले कार्यालयमा निबेदन दिएमा र सो व्यहोरा मनासिब देखिएमा सञ्चालक समितिले तेस्तो पीडितलाई मानसिब रकम थप गरी दिन सकिनेछ ।

११ **राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निबेदन दिनु पर्नेः** (१) यस कार्यविधि बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पिडीत वा सरोकार वाला व्यक्तीले रहात तथा आर्थिक सहयोग पाउनु पर्ने मनासिब कारण खुलाई वडा कार्यालयको सिफारिस सहित महिला तथा बालबालिका शाखामा निबेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त भएको निबेदन जाँचबुझ गर्दा पीडीतलाई राहत तथा आथिक सहयोग गर्नुपर्ने देखिएमा सञ्चालक समितिले नियम १० को अधिनमा रही पिडितलाई राहत तथा आर्थिक सहयोग  उपलब्ध गराउनेछ ।

१२ **तत्काल रकम उपलब्ध गराउन सक्नेः** (१) यस कार्यविधिमा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भएतापनी पीडितलाई तत्काल उद्धार, औषधी उपचार,पर्नस्थापना वा राहत तथा आर्थिक सहयोग प्रदान नगरेमा गम्भीर तथा मानबीय क्षती हुने देखिएमा सञ्चालक समितिको अध्यक्षले  सो प्रयोजनको लागी कोषबाट १००००/-(दश हजार) नबढ्ने गरी मनासिब रकम सम्बन्धि पीडितलाई उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवस्था परी सञ्चालक समितिको अध्यक्षबाट पीडितलाई रकम उपलब्ध गराईएकोमा त्यसरी रकम उपलब्ध गराईएपछि बस्ने  समितिको बैठक बाट सो बिषयमा अनुमोदन गराउनु पर्नेछ ।

१३. **थप रकम निकासा :** (१) कोषमा रहेको रकम अपर्याप्त भएमा रकम अपर्याप्तको कारण खुलाई सञ्चालक समितिले थप रकम माग गर्न सक्नेछ ।

१४. **छुट्टै खाता खोल्नु पर्ने** :नेपाल सरकारको ससर्त तथा गाउँपालिकाबाट प्राप्त भएको रकम कुनै बैंकमा खाता खोली जम्मा गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम खाताको सञ्चालन कार्यालय प्रमुख र लेखामा काम गर्ने मुख्य कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

**१५. कोष तथा लेखा परीक्षण** :(१) काषको आय व्यायको लेखा प्रचलित कानुन बमोजिम हुनेछ ।

(२) कोषको लेखा परीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

१६.**आवर्ति (रिभल्भिड कोष**) यो कोष आवर्ति कोषको रुपमा रहनेछ ।

१७. **प्रतिबेदन पेश गर्ने :**(१) राहात समितिले प्रत्येक २ महिनामा सो समितिबाट भएको काम कार्बाहिको प्रतिबेदन कार्यपालिकालाई बुझाउनु पर्नेछ ।

१८. **बैठक भत्ता** : सञ्चालक समितिका अध्यक्ष वा सदस्यले सो सतिमिको बैठकमा भाग लिए बापत नियमानुसारको रकम बैठक भत्ताबाफत पाउनेछन् ।

१९ **निर्देशन दिन सक्ने** : (१) कार्यपालिकाले सञ्चालक समितिको काम कारवाहीको सम्बन्धमा सो समितिलाई आवश्यक  निर्देशन दन सक्नेछ ।

आज्ञाले
प्रमुख प्रशासकीय अधिकृत